नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

प्रेस विज्ञप्ती

मिति : २०७७/११/२४

महिला कामदार तथा श्रमिक माथि भएको विभेद, श्रमशोषण तथा असमान ज्याला प्रणालीको विरुद्ध महिलाहरु द्धारा संगठित रूपमा आवाज मुखरित गरिएको दिनको स्मरण तथा सम्मान स्वरूप आज मार्च ८ तारिख (२०७७ फागुन २४ गते) अन्तर्राष्ट्रिय नारा "Women in Leadership: Achieving an equal future in a COVID-19 World" र **राष्ट्रिय नारा "महिलाको सम्मान, सुरक्षा र रोजगार : समृद्ध नेपालको आधार"** सहित **१११ औं अन्तर्राष्ट्रिय महिला दिवसको** उपलक्ष्यमा आयोजित मूल समारोहको कार्यक्रम सम्पन्न भएको छ ।

यस कार्यक्रमका प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यूको आगमन सँगै राष्ट्रिय गानबाट कार्यक्रमको सुरुवात गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यू एवं विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू लगायत सम्पूर्ण उपस्थित महानुभावहरुलाई यस मन्त्रालयका श्रीमान् सचिवज्यूले स्वागत मन्तव्य राख्दै गरिमामय उपस्थितिका लागि हार्द्धिक आभार प्रकट गर्नुभएको थियो । कार्यक्रमको समुदघाटन सम्माननीय राष्ट्रपतिज्यूले पानसमा दीप प्रज्वलन गरी गर्नुभएको थियो । त्यसपश्चात मन्त्रालयबाट सम्पादन भएका मुख्य मुख्य कार्यक्रमहरुको वृतचित्र प्रस्तुतीकरण गरिएको थियो । कार्यक्रममा राष्ट्रिय महिला आयोगका अध्यक्षज्यूले शुभकामना मन्तव्य राख्दै आफुले भोगेको हिंसालाई क्षमतामा परिणत गरी अन्तर्राष्ट्रिय साहसी महिला पुरस्कार पाउन सफल मुस्कान खातुनलाई बधाई तथा शुभकामना व्यक्त गर्नु भयो । शुभकामना मन्तव्य राख्ने क्रममा प्रतिनिधि सभा महिला तथा सामाजिक समितिका सभापतिज्यूले विश्वमा महिला समानताका लागि भएका प्रयासहरु सँगै नेपालमा पनि महिला आन्दोलनका अग्रजहरुको योगदानको स्मरण गर्नुभयो । साथै उहाँले मुस्कान खातुनको बाहिरी रुप जलेतापनि भित्री सुन्दरता र लक्ष्य नजलेको बताउदै अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित भएकोमा बधाई तथा शुभकामना दिनुभयो । त्यसपश्चात नेपाल सरकार (मन्त्रीपरिषद) बाट मिति २०७७/१०/०५ मा स्वीकृत भएको "राष्ट्रिय लैङ्गिक समानता नीति २०७७" को सम्माननीय राष्ट्रपतिज्यूबाट सार्वजनिकीकरण गर्नुका साथै तेजाव आक्रमणविरुद्ध कडा कानून र सजायका लागि साहसिक अभियान संचालन गरेबापत अमेरिकी विदेश मन्त्रालयबाट प्रदान गरिने प्रतिष्ठित "अन्तर्राष्ट्रिय साहसी महिला (आईडब्ल्यूओसी) पुरस्कार" बाट पुरस्कृत यस मन्त्रालयका विज्ञ समूहका सदस्य श्री मुस्कान खातुनलाई बधाई एवं उत्तरोत्तर प्रगतिको कामना सहित प्रसंशापत्र प्रदान गर्नुभएको थियो ।

सम्माननीय प्रधनमन्त्रीज्यूले महिला हिंसा विरुद्धको नेपाल सरकारको प्रतिवद्धता **"महिला हिंसा असभ्यता हो, यो अपराध हो, महिला हिंसालाई रोकौं"** को वाचन गर्नुभएको थियो । यस क्रममा उहाँले विश्वभरका दिदीबहिनी तथा दाजुभाईहरुलाई दिवसको अवसरमा शुभकामना व्यक्त गर्दै महिला सशक्तीकरणका लागि विश्वका साथै नेपालमा भएका आन्दोलन र प्रयासहरुको स्मरण गर्नुभयो । उहाँले महिला माथिको विभेद असभ्यता भएकाले यसको अन्त्य गर्नुपर्ने र "यत्र पुज्न्यते नार्यस्तु, रमन्ते तत्र देवताः" भन्दै महिलाको सम्मान गर्न आग्रह गर्नुभयो । साथै उहाँले महिलाको शिक्षा र रोजगारीमा जोड दिन सकियो भने लैङ्गिक सशक्तीकरण र समानता प्राप्तिमा टेवा पुग्ने बताउनुभयो ।

कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूले दिवसको अवसरमा सुख, समृद्धि र प्रगतिको शुभकामना राख्दै नेपाल सरकारले "राष्ट्रिय लैङ्गिक समानता नीति २०७७" जारी गरेकोमा सरकारलाई धन्यवाद दिदैं खुशी व्यक्त गर्नुभयो । साथै नेपालमा कानूनी प्रावधान राम्रो भएकाले यसको प्रभावकारी कार्यान्वयनले हिंसा रोक्न र महिला सशक्तीकरण गर्न टेवा पुग्ने बताउनुभयो ।

कार्यक्रमको अन्त्यमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीज्यूले प्रमुख अतिथि, विशिष्ट अतिथि लगायत सम्पूर्ण उपस्थित महानुभावहरुलाई कार्यक्रममा उपस्थित भई हौसला र प्रेरणा प्रदान गर्दै शोभा बढाई दिनुभएकोमा आभार व्यक्त गर्नुभएको थियो । साथै उहाँले नेपालको राजनीति लगायतका हरेक क्षेत्रमा महिलाको सहभागिता बढ्दै जानु अन्तर्राष्ट्रियस्तरमा प्रशंसनीय विषय भएको बताउदै सभ्य र न्यायपूर्ण समाजका लागि महिला सशक्तीकरण आवश्यक भएको विचार राख्दै मूल समारोहको कार्यक्रम समापन भएको घोषणा गर्नुभएको थियो ।

यसरी १११ औं अन्तर्राष्ट्रिय महिला दिवस मूल समारोहको कार्यक्रम सम्पन्न भएको छ । आजको कार्यक्रमलाई भव्य, सभ्य र व्यवस्थित रुपमा सम्पन्न गर्न प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरुमा मन्त्रालय परिवार हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछ ।